# सूर्योदय नगरपालिकाको नगर प्रहरी (पहिलो संशोधन ) ऐन २०७८

**नगरसभाबाट स्वीकृत मिति-२०७८/०९/२७**

सूर्योदय नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सो ऐनको परिच्छेद १२(विविध) को दफा ४० ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगरकार्यपालिकाले देहाय बमोजिमको ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको नगर प्रहरी (पहिलो संशोधन ) ऐन २०७८** हुनेछ।

(२) यो ऐन नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको नगर प्रहरी ऐन, २०७६" लाई जनाउनेछ।

**३. मूल ऐनको दफा ७. को उपदफा(१) पछि देहाय अनुसारको उपदफा (२) र (३) थप गरिएको छ।**

(२) उपदफा (१) बमोजिमका पदहरुमा नियुक्ति भएका नगरप्रहरीहरुलाई प्रमुख प्रशासकीय अधिकृत द्वारा दर्जनी चिन्ह प्रदान गरिनेछ।

(३) उपदफा (१) बमोजिमको पदहरुको दर्जनी चिन्ह तोकिए बमोजिम हुनेछ।

**४. मूल ऐनको दफा ८. पछि देहाय बमोजिमको दफा ८क. थप गरिएको छ।**

**८क. बढुवा सम्बन्धि व्यवस्था:** (१) दफा ८. बमोजिम नियुक्ति भएका नगरप्रहरीको कार्यक्षमता र कार्यसम्पादन मुल्याङ्कनका आधारमा बढुवा गरिनेछ।

(२) बढुवा सम्बन्धि व्यवस्था तोकिए बमोजिको हुनेछ।

अनुसुची-१

**नगर प्रहरीको दर्जनी चिन्ह**

| **सि.नं.** | **नगर प्रहरीको दर्जा** | **दर्जनी चिन्ह** |
|---|---|---|
| १ | सहायक निरिक्षक | |
| २ | हवल्दार | |
| ३ | जवान | |